# सन्धिखर्क नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सन्धिखर्क, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल


पत्र संख्याः २०८१/८२
चलानी नं.:

मितिः २०८१/०६/०२
ने.सं. ११४४

**(प्रथम पटक प्रकाशित सूचना मितिः २०८१/०६/०२)**

यस सन्धिखर्क नगरपालिका नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत निसर्त अनुदान तर्फका कार्यक्रमहरु कार्यान्वयनको लागी रित पुगेका इच्छुक कृषक समूह, कृषि सहकारी तथा कृषि फर्म संञ्चालकहरुले २१ दिन (अर्थात २०८१/०६/२२ गते) भित्र तपसिलमा उल्लिखित कागजात सहित सम्बन्धित वडा कार्यालय वा कृषि विकास शाखामा निवेदन सहित प्रस्तावना पेस गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ। साथै प्रस्तावको ढाँचा सम्बन्धित वडा कार्यालय वा कृषि विकास शाखाबाट प्राप्त गर्न सक्नु हुने छ।

तपसिलः

| क्र.स. | कार्यक्रम | मापदण्ड | बजेट सिमा | लक्षित वर्ग |
|---|---|---|---|---|
| १. | ५०% अनुदानमा सहकारी मार्फत मागमा आधारित साझेदारीमा बाली उत्पादन, बीउ उत्पादन तथा तरकारी उत्पादन कार्यक्रम | • एउटै ठाउमा व्यवसायिक रुपमा कृषि गर्नु पर्ने।<br>• कम्तिमा तरकारी - ५० रोपनी ।<br>• फलफुल - ५० रोपनी ।<br>• खाद्यान्न उत्पादन -२०० रोपनी ।<br>• खाद्यान्न बीउ उत्पादन - १०० रोपनी | ५०% अनुदानमा हुन आउने रकम बढिमा रु.२ लाख | कृषि तथा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड |
| २. | ५०% अनुदानमा तरकारी खेती प्रवर्द्धन कार्यक्रम (टनेल तथा इन्पुट सामाग्री) | • एउटै कलष्टरमा खेती गर्नु पर्ने।<br>• कृषि फर्मको हकमा -३ रोपनी ।<br>• समूह/सहकारीको हकमा- ५० रोपनी क्षेत्रमा गर्नुपर्ने । | समूह/सहकारीको हकमा बढिमा रु.१ लाख तथा कृषि फर्मको हकमा बढिमा रु. ५० हजार | कृषक समुह/कृषि सहकारी तथा कृषि फर्महरु |

आवश्यक कागजातहरुः

१. कार्यक्रम स्पष्ट रुपमा खुलाइएको प्रस्तावना एवम निवेदन पत्र।
२. समूह/सहकारीको हकमा कार्यक्रम माग सम्बन्धी निर्णयको प्रतिलिपि।
३. समूह, सहकारी तथा फर्म नविकरण गरिएको दर्ता प्रमाणपत्रको प्रतिलिपि।
४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
५. निवेदकको परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।
६. स्थायी लेखा प्रमाण पत्रको प्रतिलिपि।
७. आ.व २०८०/०८१ को कर चुक्ता प्रमाण पत्र।

..........................
(मञ्जु खनाल)
नि.प्रमुख प्रशासकीय अधिकृत